# करैयामाई गाउँपालिका

## करैया, बारा


स्थानीय राजपत्र

खण्ड ३, संख्या ९ मिति २०७६/०२/२०


भाग-१

## कृषिव्यावशाय प्रवर्द्धन ऐन, २०७६

## प्रस्तावना

करैयामाई गाउँपालिका क्षेत्रभित्र कृषिको व्यावशायीकरण र व्यावशायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषिव्यावशायीबीचआपसी सम्बन्ध सुदृढगर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यावशायीक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संविधानको धारा २२२ अनुसार गठित करैयामाई गाउँपालिकाको गाउँ सभाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११. ण. मा उल्लेख भएकाकामहरु गर्न गराउन संविधानको धारा २२६ र सरकार सञ्चालन ऐनको दफा १०२. (१) ले दिएको अधिकार प्रयोग गरी "करैयामाई गाउँपालिका कृषिव्यावशाय प्रवर्द्धन ऐन, २०७६" पारित गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम"करैयामाई गाउँपालिका कृषिव्यावशाय प्रवर्द्धन ऐन, २०७६" रहेकोछ ।

(२) यो ऐन गाउँसभावाट पारित भई गाउँपालिकाको राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(१) "गाउँपालिका" भन्नाले करैयामाई गाउँपालिका सम्झनुपर्छ,

(२) "गाउँ सभा" भन्नाले करैयामाई गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ।

(३) "कार्यपालिका" भन्नाले करैयामाई गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ।

(४) "अध्यक्ष" भन्नाले करैयामाई गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ,



(५) "उपाध्यक्ष" भन्नाले करैयामाई गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ,

(६) "न्यायिक समिति"भन्नाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ४६ बमोजिमको करैयामाई गाउँपालिकाको न्यायिक समिति सम्झनुपर्छ।

(७) "कार्यपालिका सदस्य" भन्नाले करैयामाई गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई बुझाउछ ।

(८) "गाउँ सभा" भन्नाले करैयामाई गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ।

(९) "गाउँ सभा सदस्य" भन्नाले करैयामाई गाउँपालिकाको गाउँ सभा सदस्य सम्झनुपर्छ, सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र कार्यपालिका सदस्य समेतलाई बुझाउछ ।

(१०) "प्रमुखप्रशासकीयअधिकृत"भन्नाले करैयामाई गाउँपालिकाको प्रमुखप्रशासकीयअधिकृत सम्झनुपर्छ ।

(११) "वडा" भन्नाले करैयामाई गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(१२) "वडा अध्यक्ष"भन्नाले करैयामाई गाउँपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ।

(१३) "समिति" भन्नाले यस ऐनको दफा ६ बमोजिम गठित स्थानीय कृषि व्यावशाय प्रवर्द्धन समिति र दफा ५ बमोजिम गठन हुने कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(१४) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

(१५) "कोष" भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यावशाय प्रवर्द्धन कोषलाई सम्झनुपर्छ ।

(१६) "कृषि" भन्नाले अनुसूचि (१) मा उल्लेख भए बमोजिमका विषयसँग सम्वन्धित कृषिलाई सम्झनुपर्दछ र सो शब्दले व्यावशायीक कृषिलाई समेत जनाउँछ ।

(१७) "कृषक" भन्नाले यस ऐनको प्रयोजनकालागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावशायीक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यावशायी, कृषि फर्म र कृषि सहकारी समेतलाई

सम्झनुपर्छ।

(१८) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनुपर्छ।

(१९) "कृषि व्यावशाय" भन्नाले देहायको व्यावशाय सम्झनुपर्छ :-

(क) व्यावशायीक उद्देश्यले गरिने पशु पन्छी पालन, कृषिबालीवा बस्तुको उत्पादन,

(ख) कृषिजन्य वस्तुको प्रशोधन,

(ग) कृषि उपजको व्यापार,

(घ) कृषि उत्पादनकालागि प्रयोग हुने रसायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(ङ) कृषि उत्पादनकोलागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा विकी वितरण,

(च) कृषिमा प्रयोग हुने औषधि एवं विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिकी वितरण,

(२०) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनि वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनुपर्छ।

(२१) "कृषि फार्म" भन्नाले व्यावशायीक प्रयोजनकोलागि अनुसूचि (१) बमोजिमका बाली उत्पादनकालागि सञ्चालन गरिएको कृषि फार्म सम्झनुपर्छ।

(२२) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनुपर्छ।

(२३) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनुपर्छ।

(२४) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनुपर्छ।

(२५) "हाट(बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन



विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई सम्झनुपर्छ।

(२६) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनुपर्छ।

(२७)"एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यावशायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ, सो शव्दले सँगठित संस्थाप्रतिनिधिलाई समेत जनाउँछ।

(२८) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनि वा एजेन्ट बिक्रेता समेतलाई सम्झनुपर्छ।

(२९)"व्यावशायीक कृषि करार" भन्नाले व्यावशायीक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावशायीक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यावशाय प्रवर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु वीच भएको सम्झौता वा व्यावशायीक कृषि करारलाई सम्झनुपर्दछ। यसले व्यावशायीक कृषि प्रयोजनकोलागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगकोलागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ।

(३०) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## कृषि बजारसम्वन्धी व्यवस्था

**३. कृषि बजारको स्थापना:**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्नसक्नेछ।

(२) कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यावशायीक संस्थाले कार्यपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्नसक्नेछ।

**४. कृषिबजारको वर्गीकरण:**

(१) यस ऐनको दफा ३ बमोजिम स्थापनाहुने कृषिबजारको वर्गीकरण देहायबमोजिमको हुनेछ

(क) थोक बजार,

(ख) खुद्राबजार,

(ग)हाट-बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालनवापतलाग्ने शुल्क सभाले तोके बमोजिमहुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धीअन्यव्यवस्थातोकिएबमोजिमहुनेछ ।

**५. करैयामाई गाउँपालिकाको कृषिबजार सञ्चालनतथाव्यवस्थापन समिति:**

(१) यस ऐनको दफा (३) बमोजिम स्थापनाभएका कृषिबजारहरुको सञ्चालनतथाव्यवस्थापन गर्नकोलागिकृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) वमोजिम गठन हुने समिति देहायवमोजिमहुनेछ ।

क) गाउँपालिका उपाध्यक्ष — संयोजक

ख) प्रमुखप्रशासकीयअधिकृत वानिजले तोकेको कर्मचारी — सदस्य

ग) कार्यपालिका वाट कम्तीमामहिला १ सहित — २ जना सदस्य

ग) संयोजकले तोकेको महिलागाउँ सभा सदस्य — १ जना सदस्य

घ) सम्वन्धितव्यवशायि वाट गाउँपालिकाको अध्यक्षले तोकेको १ जना सदस्य

ङ) सम्वन्धित उत्पादकवाट गाउँपालिकाको अध्यक्षले तोकेको १ जना सदस्य

च) उद्योग वाणिज्य संघ अध्यक्ष/प्रतिनिधि १ जना सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कृषि शाखा प्रमुख/अधिकृत सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ ।



(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले कृषिबजार सञ्चालनतथाव्यवस्थापन गर्न आवश्यकता अनुसार विभिन्न उप(समितिहरु गठन गर्नसक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ।

(७) कृषिबजार सञ्चालनतथाव्यवस्थापन समिति र समितिले गर्ने काम सम्बन्धीअन्यव्यवस्थातोकिएबमोजिमहुनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने सूचनामा आफु अनुपस्थित रहने अवधी र कारण समेत

## परिच्छेद-३

## कृषि व्यावशाय प्रवर्द्धन समिति सम्बन्धी व्यवस्था

**६. करैयामाई गाउँपालिकाको कृषि व्यावशाय प्रवर्द्धन समिति:**

(१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न करैयामाई गाउँपालिकामा एक स्थानीय कृषि व्यावशाय प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :-

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) अध्यक्षले तोकेको कार्यपालिकाको महिला सदस्य एक जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिकाकोस्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख - सदस्य

(ङ) समितिले मनोनयन गरेको विज्ञएक जना -सदस्य

(च) समितिले मनोनयन गरेको व्यावशायीक किसानमध्ये एक जना - सदस्य

(छ) गाउँपालिकाको कृषि शाखा प्रमुख/तोकिएका कर्मचारी -सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको सचिवालय गाउँपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ।

**७. कृषि व्यावशाय प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक कृषि व्यवसाय प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) स्थानीयस्तरमा कृषि व्यावशाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(२) कृषि व्यावशाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(३) कृषि व्यावशायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(४) कृषि व्यावशायको विकास र आन्तरीक तथा वाह्य माग पुर्तिकोलागि मासुजन्य पदार्थ, दुग्धजन्य पदार्थ नगदेवाली, तेलहन, दलहन, अन्न, तरकारी, फलफुल लगायतको उत्पादन व्यावशायीकरण र वजारीकरण गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(५) कृषि व्यावशाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(६) गाउँपालिका भित्र रहेका सरकारी सार्वजनिक पर्ती तथा गाउँपालिकाको स्वामित्वमा रहेका खेतियोग्य जमिन, ताल तलैया पोखरीहरुको संरक्षण संम्वर्धन गरी, गराई व्यावशायीक खेती गराई उत्पादनमा वृद्धी, कृषि उत्पादन उद्योगको स्थापना, स्वरोजगारको व्यवस्था र गाउँपालिकाको श्रोत विकास गराउने,

(७) गाउँपालिकाको भित्र रहेका सरकारी, सार्वजनीक, पर्ती तथा गाउँपालिकाको स्वामित्वमा रहेका खेतियोग्य जमिन, ताल तलैया पोखरीहरुको संरक्षण सम्वर्धन र सो वाट गाउँपालिकाको स्थाई श्रोत वनाउन उक्त खेतियोग्य जमिन, ताल तलैया पोखरीहरुमा कृषि



व्यावशाय विकास एवं विस्तार गर्ने,

(८) आफैले तथा किसान समुह मार्फत, अमानतमा तथा ठेक्कापट्टा वाट तरकारी वालिनालि, पशुपन्छी पालन, माछा पालन लगायतका कार्यहरु गर्ने, गराउने ।

(९) कृषी व्यावशायलाई व्यवस्थित गराउने र किसान समुह मार्फत, अमानतमा तथा ठेक्कापट्टा वाट कार्यगर्न प्रचलित कानूनको अधिनमा रही कार्यविधि वनाई लागु गर्ने, गराउने ।

(१०) ठेक्कापट्टा वाट गर्ने कामहरुको आवश्यक प्रवन्ध मिलाउने ।

(११) स्थानीय कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिलाई मार्गदर्शन, श्रोत साधनको व्यवस्था र आवश्यक निति नियम निर्माण एवं कार्यान्वियनमा सहयोग गर्ने,

(१२) कृषि व्यावशाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(१३) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

**८. कृषि व्यावशायलाई सुविधा दिने:-**

(१) गाउँपालिकाले कृषि व्यावशायकालागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर निकासी शुल्क,

(ख) कृषि व्यावशाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि,

(ग) कृषि व्यावशाय प्रवर्द्धनकालागि अनुदान जस्तै विउ विजन, औषधी उपचार, मलखाद आदि,

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले साना कृषक तथा कृषक समुहहरुलाई क्षमता शिप विकासकालागि कार्यक्रम अनुदान एव तालिम तथा मिनिकिट वितरण कार्यक्रमहरु सञ्चलन गर्ने, गराउन सक्नेछ ।

(४) गाउँपालिकाले साना कृषकलाई व्यावशायीकरण गराउन कृषक तथा कृषि व्यावशायको विकास र सुधारकोलागि प्रदर्शनी परियोजनाहरु

सञ्चालन गर्न, गराउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा गाउँपालिकाको कृषि व्यावशाय प्रवर्धन समितिको सिफारिशमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. कृषि ऋण:

(१) कुनै पनि बैंङ्क वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलव्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावशायीक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंङ्क वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंङ्क वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैंङ्क वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद-४
## कृषि व्यावशाय प्रवर्द्धन कोषको स्थापनातथा सञ्चालन

१०. कृषि व्यावशाय प्रवर्द्धन कोषको स्थापना :

(१) कृषिव्यावशाय प्रवर्द्धन गर्नकालागि एउटा कृषि व्यावशाय प्रवर्द्धनकोषस्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) गाउँपालिकाले कृषि उत्पादनकोलागि अमानत तथा ठेक्कापट्टा वाट प्राप्त गरेको रकम मध्य कृषि प्रवर्धनलाई तोकेको रकम,



(घ) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापतको प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

११. कृषि व्यावशाय प्रवर्द्धन कोषको सञ्चालन :

(१) गाउँपालिकाको नीति, कानून तथा निर्देशन बमोजिम कृषि व्यावशायको प्रवर्द्धन गर्नकालागि कोषको रकम खर्च गरिनेछ ।

(२) कोषको सचिवालय गाउँपालिकाको अन्तर्गतको कृषि शाखा/उपशाखा/इकाईमा रहनेछ ।

१२. कृषि व्यावशाय प्रवर्द्धन कोषको सञ्चालन सम्बन्धी व्यवस्था:

(१) कृषि व्यावशाय प्रवर्द्धनका लागी गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ ।

(२) कृषि व्यावशाय प्रवर्द्धनकोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैकमाखाता खोली जम्मा गर्नेछ ।

(३) कृषि व्यावशाय प्रवर्द्धन कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. लेखा र लेखापरीक्षण

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद (५
## व्यावशायीक कृषि करार (लिज)

१४. व्यावशायीक कृषि करार गर्न सकिने :

(१) यस ऐन बमोजिम कृषि व्यावशायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यावशायीक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा

रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१५. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने:**

(१) कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यावशाय गर्ने प्रयोजनकालागि व्यक्ति, कृषि फार्म वा व्यावशायी, कृषक समूह वा त्यस्ता कृषक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको तथा अफुले संरक्षण गरीर हेका जग्गा, संरचना, तालतलैया, पोखरी आदिमा निश्चित समय तथा सर्त तोकि अमानत, करार तथा ठेक्का संझौतावाट व्यक्ती, समुह, निकाय तथा कानूनी मान्यता प्राप्त फर्महरुलाई कृषि उत्पादनकोलागि उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको तथा अफुले संरक्षण गरीर हेका जग्गा, संरचना, तालतलैया, पोखरी आदिमा निश्चित समय तथा सर्त तोकि अमानत, करार तथा ठेक्का संझौतावाट व्यक्ती, समुह, निकाय तथा कानूनी मान्यता प्राप्त फर्महरुलाई कृषि उत्पादनकोलागि उपलब्ध गराउने विधि प्रकृया स्थानीय कृषि व्यावशाय प्रवर्द्धन समितिले तोके बमोजिम हुनेछ ।

**१६. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने:**

(१) कुनै कृषक वा कृषिव्यावशायीले व्यावशायीक रुपमा कृषि सम्बन्धी कार्य गर्नकोलागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकाय वा गाउँपालिकासँग माग गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिमजग्गातथाभौतिक साधनमागभई आएमा निश्चित अवधीतोकीप्रचलितकानूनबमोजिम सम्बन्धितनिकायले करारमा जग्गातथाभौतिक साधनउपलब्ध गराउन सक्नेछ ।



(३) जग्गा तथाभौतिक साधनउपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ बर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन प्रचलित कानूनमा तोकिए बमोजिम कृषि प्रयोजनकालागि गाउँपालिकाले प्रयोगमा ल्याउन सक्नेछ ।

**१७. स्वामित्व हस्तान्तरण नहुने:**

यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गर एको अवस्थामा करार गरेको वा लिजमा लिएको दिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन।

**१८. पुनःकरार गर्न नहुने :**

यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही विषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन ।

**१९. व्यावशायीक कृषि करारका विषयवस्तुहरू :**

(१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूचि( २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यावशायीक कृषि करारमा समावेश गर्न/गराउन सकिनेछ ।

**२०. व्यावशायीक कृषि करारका पक्षहरूको दायित्व :**

(१) यस ऐनको दफा १५ वा १६ बमोजिम कृषि व्यावशाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यावशायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यावशायीक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनकोलागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा

वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ(आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यावशायीक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

**२१. करार पूरा गर्नु पर्ने समय र तरिका:**

(१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गर ी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

**२२. करार पूरा गर्ने स्थान:**

(१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब



माफिकको स्थान तोकिदिनु पर्नेछ ।

**२३. करार पूरा गर्नु नपर्ने अवस्था:**

देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(१) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(२) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(३) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,

(४) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(५) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परि पालना गर्न असम्भव भएमा,

**२४. करार दर्ता गर्नु पर्ने :**

(१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौताभएको मितिले पैंतिस दिनभित्रगाउँपालिकामादर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिएबमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वाअन्यनिकायले दिने सुविधावा सहुलियतदिने प्रयोजनकोलागिमान्यताप्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिमभएको करारको आधिकारिक प्रतिकार्यपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयमवाउनीहरूको कानूनबमोजिमको प्रतिनिधिउपस्थितहुनु पर्नेछ ।

(६) गाउँपालिकामाकुनै व्यावशायीवा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिमउल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वाअनुचितप्रावधानउल्लेख भएकोमा सो परिमार्जन गरेर मात्रदर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिमदिइएको आदेश करारका पक्षहरूले पालन गर्नु

पर्नेछ।

## परिच्छेद-६
## विवाद समाधान

**२५. विवादको समाधान :**

(१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमाकुनै विवादउत्पन्नभएमापक्षहरूले आपसीबार्ताबाट त्यस्ताविवादहरूसमाधान गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमवार्ताबाट विवाद समाधानहुननसकेमा पक्षहरुले प्रचलितकानूनबमोजिम स्थानीयन्यायिक समितिमानिबेदनदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमनिबेदन पर्न आएमा स्थानीयन्यायिक समितिले पैंतिस दिनभित्र मेलमिलापको माध्यमबाट विवादको टुंङ्गो लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमभएको विवादको टुंङ्गो उपर चित्तनवुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्वन्धितजिल्लाअदालतमापुनरावेदन गर्नसक्नेछ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधानहुननसकेमा पक्षहरुले प्रचलितकानूनबमोजिममध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन्।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोहीबमोजिमहुनेछ।

(७) उपदफा (६) बमोजिम करारमा नामउल्लेख नभएकोमा पक्षहरूकाप्रतिनिधि, गाउँपालिकाको प्रतिनिधिवागाउँपालिकाको कृषिव्यावशाय प्रवद्धन समितिबाट तोकिएकाबिषय विज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ।

(८) उपदफा (७) बमोजिममध्यस्थताचयनकोलागिदुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्वन्धितव्यक्तिवाकार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमालिखित सहमतिवाअसहमतिदिनु पर्नेछ।



(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्रवार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमविवाद समाधानहुननसकेमा सम्वन्धितपक्षलाई उजुरी उपर सात दिनको म्याददिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ।

(११) उपदफा (१०) बमोजिमको समयाभित्र सम्वन्धितपक्षले प्रतिवाद गर ी वानगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमाआफ्नो निर्णय दिनु पर्नेछ।

(१२) उपदफा (११) बमोजिममध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिमहुनेछ।

(१३) यस ऐन बमोजिममध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्तनवुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धितउच्चअदालतमानिवेदनदिन सक्नेछ।

(१४) मध्यस्थता समितिको अन्यकार्यविधि करारमा उल्लेख भएकोमा सोहीबमोजिम र अन्यकाहकमामध्यस्थता समितिले तोके बमोजिमहुनेछ।

(१५) मध्यस्थकर्ताहरुको पारिश्रमिक र सुविधा पक्षहरूबाट व्यवस्था गर इनेछ।

**२६. म्याद सम्बन्धमा :**

यस ऐन बमोजिमको विवादमापक्षको कावु वाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्यादगुज्रनगएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ।

**२७.मध्यस्थता समितिको निर्णयको कार्यान्वयन :**

(१) मध्यस्थता समितिको निर्णयहरु सात दिनभित्रपक्षहरूले निर्णय कार्यान्वयन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगराएमात्यस्तो निर्णयको कार्यान्वयनमाकार्यपालिकावाजनप्रतिनिधिहरु वाजिल्लाप्रशासनकार्यालय वाअन्यनिकायको सहयोग लिन सकिनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धितपक्षको सम्पत्तिवा कारोबार रोक्का राख्न, त्यस्तो

सम्पत्तिवा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम रोक्कावाफुकुवा गरीदिन अनुरोध भई आएमा सम्वन्धितमालपोत कार्यालय, बैंक वावित्तीय संस्थाले त्यस्तो सम्पत्तिवा कारोबारको रोक्कावाफुकुवा गर्नु पर्नेछ।

(५) मध्यस्थता सम्बन्धीबिषयमा यस ऐनमाउल्लेखितबिषयकाहकमा यसै ऐन बमोजिम र अन्यबिषयकाहकमामध्यस्थता ऐन, २०५५ बमोजिमहुनेछ।

## परिच्छेद-७

## नियमन, क्षतिपूती, सजाय र पुनरावेदन

**२८. दर्ता नगरी सञ्चालन गर्न नहुने :**

(१) करार गरी कृषिव्यावशाय सञ्चालन गर्न चाहने कृषक, कृषिफार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यावशाय सञ्चालन गर्नु हुदैन।

(२) उपदफा (१) बमोजिमको व्यावशायको दर्ता प्रमुखप्रशासकीयअधिकृतले गर्नेछ। निजले कृषि हेर्न अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकताअनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्नसक्नेछ।

(३) व्यावशाय करार दर्ता तथाशुल्कलगायतकाअन्यव्यवस्थाकार्यपालिकाले निर्धारण गरे बमोजिमहुनेछ।

**२९. क्षतिपूर्ति सम्बन्धीव्यवस्था :**

(१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षकाकाम कारवाहीबाट अर्को पक्षलाई क्षतिपुग्नगएमा करारमा नै क्षतिपूर्तिको मात्रातोकिएकोमा सोहीबमोजिम र नतोकिएको हकमासम्भौताको प्रकृति, स्थलगत निर ीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझीमर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्नसक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनिपक्षको काबु बाहिर



को परिस्थितिले गर्दा करारको यथावत परिपालनाहुननसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्वतिर्नु व्यहोर्नु पर्ने छैन। तर करार गर्दाको अवस्थामापक्षवीचकुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वानगदफिर्ता दिनु पर्नेछ।

**३०. कारवाहीचलाउने तथा दण्ड सजाय गर्ने अधिकारी :**

(१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वाक्षतिपूर्ति भराउने अधिकार गाउँन्यायिक समितिलाई हुनेछ।

(२) यस ऐन बमोजिम कारवाहीतथा सजायहुने मुद्दा अनुसन्धानतथातहकिकात गर्ने अधिकारीले सम्बन्धितजिल्ला सरकार ी वकिलकार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

**३१. दण्ड सजाय :**

कसैले यस ऐनको देहायबमोजिम कसुर गरेमा देहायबमोजिमको सजायहुनेछ, कसुर दोहोरिएमा जरिवाना रकम दोब्बर हुदै जानेछ।

(१) दफा३ र ४ विपरित कृषिबजार स्थापना र सञ्चालन गरेमा विगो सहितथपसतप्रतिशत जरिवाना।

(२) दफा २९ बमोजिमक्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाहीपूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमात्यस्तो अटेर गर्नेलाई विगो सहितथपसतप्रतिशत जरिवाना।

(३) यस ऐन र अन्तरगत बनेको नियमावलीविपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानीभएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ।

**३२. पुनरावेदन :**

यस ऐनको दफा ३१ बमोजिमदिएको सजायमाचित्तनबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धितजिल्लाअदालतमापुनरावेदनदिन सक्नेछ।

**३३. बीमा सम्बन्धीव्यवस्था:**

(१) यस ऐन बमोजिम करार गरी गरिएको कृषिउपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो वीमाकार्य गर्न अख्तियार पाएको विमाकम्पनिले विमा गर्नेछ।

(२) वीमा गर्ने प्रक्रियावीमा समितिले समय समयमानिर्धारण गरे बमोजिमहुनेछ ।

(३) यस ऐन बमोजिम गरिने व्यावशायीक कृषि करार सम्बन्धितनिकायमादर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धितवीमाकम्पनिले वीमा गर्नसक्नेछ ।

(४) कुनै वीमाकम्पनिले व्यावशायीक कृषि करारको विमागर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ।

## परिच्छेद-८
## विविध

**३४. प्रचलितकानूनबमोजिमहुने :**

**यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।**

**३५. वौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने:**

यस ऐन बमोजिम कृषिव्यावशायको प्रवर्द्धन गर्दा वाव्यावशायीक कृषि करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचयतथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

**३६. नियममवलीवनाउन सक्ने :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यकनियमावली, निर्देशिकावाकार्यविधिवनाउन सक्नेछ ।

**३७. संक्रमणकालीन व्यवस्था:**

यस ऐनले तोकिएबमोजिमहुने भनीव्यवस्था गरेको काम नियमावलीनआएसम्मगाउँकार्यपालिकाले निर्णय गरी लागु गर्नसक्नेछ ।

**३८. बाधा अडकाउ फुकाउने अधिकार:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ ।उक्तआदेश त्यस



पछी हुने गाउँ सभाले अनुमोदन गरेको हद सम्म कायमहुनेछ ।

**३९.बचाऊ र खारेजी:**

(१) यस ऐनको उद्देश्य तथाबिषयएवं क्षेत्रमाप्रचलित नेपालकानूनबमोजिम यस अघि भएकाकार्यहरु यसै ऐन बमोजिमभएको मानिनेछ ।

(२) यस ऐनको कुनै दफाउपदफा संघीय तथाप्रदेश कानून सग वाझिएमावाझिएको हदसम्मखारेज हुनेछ ।

आज्ञाले
सुनिल प्र. केशरी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि-१
दफा २ को उपदफा (१३) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,
(२) वागवानी जन्यः फलफूल, तरकारी, मसला बाली, पूष्प खेती
(३) पशु, पन्छी
(४) माछा, मासु, दुध, फुल,, मासु तथा मासुजन्य पदार्थ, दुध तथा दुधजन्य पदार्थ
(५) हाड, छाला, ऊन
(६) च्याउ,
(७) मौरी, रेशम
(८) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली
(९) तेलहन, दलहन
(१०) कपास, जुट, उखु, रबरखेती, टिमुर
(१०) कृषि पर्यटन
(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु
(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग
(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग
(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तुहरु ।



## अनुसूचि-२
दफा १९ सँग सम्बन्धित

(१) करारका पक्षहरू,
(२) करार खेतीको क्षेत्र,
(३) जग्गा र भौतिक साधन,
(४) वस्तुको विवरण,मात्रा,
(५) गुणस्तर,
(६) सम्झौताको अवधी,
(७) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,
(८) भुक्तानीको प्रक्रिया,
(९) ढुवानीको दायित्व,
(१०) उत्पादन प्रक्रिया,
(११) अनुगमनका पक्षहरू,
(१२) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,
(१३) गुणस्तर निर्धारणका आधारहरू,
(१४) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,
(१५) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।
(१६) कृषि उपजको मूल्य निर्धारण सम्वन्धीव्यवस्था ।